दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २४९ | बुटवल | २०८३ असोज ०७, गते बुधबार | नेपाल संवत ११४६ | Wednesday September 23, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

## स्थानीय चुनावसम्मका अन्तरिम नेतृत्व : योगेश



बुटवल । एमाले उप-महासचिव योगेश भट्टराईले नेतृत्व हस्तान्तरण अनिवार्य भएको निष्कर्ष निकाल्दै स्थानीय तहको चुनावसम्मका अन्तरिम नेतृत्व खडा गर्नुपर्ने प्रस्तावसहितको लिखित धारणा अध्यक्ष केपी शर्मा ओलीलाई बुझाएका छन् ।

केन्द्रीय कमिटीको बैठक चलिरहेका बेला मंगलबार उनले अध्यक्ष ओलीलाई ८ वटा बुँदामा समेटिएको लिखित धारणा बुझाएका हुन् । उनको बोल्ने पालो चाहिँ अर्को दिन हुनेछ । बैठकमा निर्धारित समयमा सबै धारणा राख्न नसकिने भन्दै उनले अध्यक्ष ओलीलाई लिखित दस्ताबेज बुझाएका हुन् ।

उनले फागुन २१ को निर्वाचन, जेन्जी आन्दोलनपछिका घटनाक्रमले पार्टीमा नेतृत्व हस्तान्तरण अनिवार्य भएको उल्लेख गरेका छन् । 'निर्वाचन समीक्षा कार्यदल, समीक्षा तथा पुनरावलोकन कार्यदलका आधारभूत रिपोर्ट, आम कार्यकर्ता र जनताको भावना पनि यही हो ।'- उनले भनेका छन् ।

» बाँकी ३ पेजमा

## प्रदेश सांसद काफ्लेको पद तत्काललाई यथावत : सर्वोच्च



बुटवल । जनता समाजवादी पार्टी (जसपा) नेपालकी लुम्बिनी प्रदेशसभा सदस्य अम्बिका काफ्लेलाई पदमुक्त गर्ने निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएको छ ।

न्यायाधीश कुमार रेग्मीको एकल इजलासले मंगलबार प्रदेशसभा सदस्य काफ्लेलाई पदमुक्त गर्ने लुम्बिनी प्रदेशसभा सचिवालयको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।

सर्वोच्चले अन्तरिम आदेशका लागि छलफलमा झिकाउने आदेशसमेत गरेको छ । पार्टी केन्द्रको निर्णयबाट पार्टीको साधारण सदस्यसमेत नरहनेगरी निष्कासित भइसकेका संसदीय दलका नेता सन्तोषकुमार पाण्डेको सिफारिसमा प्रदेश सभा सचिवालयले काफ्ले पदमुक्त भएको सूचना निकालेको थियो । त्यसविरुद्ध उनी सर्वोच्च अदालतमा पुगेकी थिइन् । प्रदेशसभा अधिवेशन चालु नरहेको अवस्थामा सभामुख तुलाराम घर्तीको निर्देशनअनुसार काफ्लेलाई पदमुक्त गरिएको थियो ।

पार्टी केन्द्रीय समितिको बैठकले संसदीय दलका नेता पाण्डे, भण्डारीलाल अहिर, आदेश अग्रवाल र हेमा केसी बेल्बासेलाई पार्टीको निर्देशनविपरीत मुख्यमन्त्री चेतनारायण आचार्यलाई विश्वासको मत दिएपछि पार्टीको साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट निष्कासन गरी सो को जानकारी पत्र प्रदेश सभा सचिवालयलाई दिएको थियो ।

उक्त पत्रबारे भने सभामुख र प्रदेश सभा सचिवालय मौन रहनुले सभामुखको तटस्थ र निष्पक्ष भूमिकामाथि प्रश्न उठेको जसपा नेपाल र अन्य विपक्षी दलहरुले बताउँदै आएका छन् । जसपा नेपालले प्रदेशसभा सचिवालयमाथि छानबिन र कारबाहीको माग गरेको छ ।

# तानसेनलाई मध्यकालीन शहरको रूपमा विश्वसामु परिचित गराइँदै



**कृष्ण पोखरेल**
*पाल्पा*

बाईसे-चौबीसे राज्य हुँदै मगराँत र सेन राज्यको ऐतिहासिक पहिचान बोकेको पाल्पाको तानसेनलाई मध्यकालीन शहरका रूपमा विश्वसामु परिचित गराउने गरी काम अघि बढाइएको छ । तानसेनमा रहेका ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा जीवनशैलीसँग जोडिएका सम्पदाको खोज, पहिचान, संरक्षण र व्यवस्थापन गर्दै शहरको मौलिक ऐतिहासिक पहिचान स्थापित गर्ने उद्देश्यले पुरक एसिया काठमाडौँ र पाल्पा विकास केन्द्रले सरोकारवालाबिच छलफल तथा परामर्श गरेको हो ।

तानसेन क्षेत्रमा मध्यकालसँग सम्बन्धित विभिन्न संरचना, धार्मिकस्थल, बस्ती, परम्परा, कला, संस्कृति तथा जीवनशैलीका अवशेष अझै पनि जीवित रहेका छन् । मध्यकालिन ऐतिहासिक तथा सांस्कृतिक सम्भावनालाई मध्यनजर गर्दै सन् २००८ मा तानसेनलाई मध्यकालीन शहरको रुपमा युनेस्कोले सम्भावित विश्व सम्पदा सूचीमा समावेश गरेको गरिएको थियो, हालसम्म सम्भावित सूची कायम रहेकोले स्थायी रुपमै विश्व सम्पदा सूचीमा लैजान तानसेनका सम्पदाको व्यवस्थित अध्ययन, प्रमाणिकरण, संरक्षण, व्यवस्थापन र दीर्घकालीन योजनाको लागी सरोकारवाला संग छलफल तथा परामर्श गरिएको हो ।

छलफलमा विषय विज्ञ, अनुसन्धानकर्ता भुवन केसीले तानसेनलाई मध्यकालीन शहरका रुपमा स्थापित गर्न, मध्यकालीन शहरको पहिचान कायम गर्न शहरको ऐतिहासिक संरचना, बस्तीको स्वरूप, पुराना बाटो, धार्मिक तथा सांस्कृतिक स्थल, पानीका स्रोत, परम्परागत निर्माण शैली, उत्पादन प्रणाली र तत्कालीन सामाजिक तथा सांस्कृतिक जीवनसँग जोडिएका प्रमाणहरूको व्यवस्थित खोज र अभिलेखीकरण आवश्यक रहेकोले नगरपालिकाले सोहीअनुसारको कामलाई व्यवस्थित गर्दै लैजानुपर्ने बताए । उनले मध्यकालीन संरचना तथा वस्तुको खोजी र पहिचानसँगै भेटिएका सम्पदाको संरक्षण, पुनःस्थापना तथा तिनलाई जीवन्त बनाउने योजना बनाउनुपर्ने जनाए । भेटिएका मध्यकालिन 'सम्पदा स्थानीय समुदायको जीवनसँग जोडेर कसरी जीवन्त राख्ने भन्ने विषय पनि महत्वपूर्ण रहेको उनले जोड दिए ।

उनले मध्यकालीन शहरको पहिचान स्थापित गर्न इतिहासविद्, पुरातत्वविद्, संस्कृतिविद्, वास्तुविद् तथा अन्य विषयगत विज्ञसँग नियमित परामर्श आवश्यक रहेको अनुसन्धानकर्ता केसीले बताए । यसका लागि स्थानीय तहले दीर्घकालीन कार्ययोजना, स्पष्ट नीति र आवश्यक कानुनी संरचना बनाउनुपर्ने उनले जोड दिए ।

अनुसन्धानकर्ता केसीले पुरातत्व विभाग, युनेस्को तथा संस्कृति मन्त्रालयलगायतका सम्बन्धित निकायसँग नियमित समन्वय र परामर्श गरेर अघि बढेमा मात्र तानसेनलाई मध्यकालीन शहरको रुपमा विश्वसम्पदा सूचीमा सूचीकरण गर्न सकिने बताए ।

इतिहास तथा संस्कृतिविद् निर्मल श्रेष्ठले तानसेनको मध्यकालीन पहिचान तानसेनको रहनसहन, भेषभूषा, खानपान, बसोबासको शैली, कला-संस्कृति, धर्मकर्म, जात्रा तथा परम्परा, मन्दिर तथा मूर्ति, पुराना बस्ती र खेतीपाती प्रणालीसमेत अध्ययनको विषय रहेको बताए । तानसेनमा अझै पनि मध्यकालीन जीवनशैलीका धेरै अवशेष भेटिन्छन् । ती अवशेषको खोज, अनुसन्धान र अभिलेखीकरण गर्न आवश्यक रहेको सस्कृतिविद श्रेष्ठले बताए । तानसेन र आसपासका क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक स्थललाई पनि समग्र ऐतिहासिक भूगोलका रुपमा अध्ययन गर्नुपर्ने, रिडीको रूरू क्षेत्रधाम, तानसेनको रणउजीरेश्वरी भगवती मन्दिर, अमरनारायण मन्दिर तथा प्रभासको मणिमुकुन्देश्वर महादेव मन्दिर तथा मन्दिर भित्रका संरचना मूर्तिहरु मध्यकालीन रहेकोले त्यसको अझै खोज अनुसन्धान जरुरी रहेको संस्कृतिविद् श्रेष्ठले जोड दिए ।

मध्यकालीन शहरको पहिचान तत्कालै स्थापित हुने विषय नभएको भन्दै संस्कृतिविद् श्रेष्ठले नगरपालिकाले यसलाई दीर्घकालीन अभियानका रुपमा अघि बढाउनुपर्ने बताए । त्यसका लागि स्पष्ट नीति तथा कार्यक्रम ल्याएर पर्याप्त बजेट विनियोजन गर्नुपर्ने, नगरपालिकाभित्र सम्पदा संरक्षण तथा अनुसन्धानका लागि छुट्टै संरचना वा युनिट बनाउनुपर्ने र पुरातत्व विभाग तथा युनेस्कोलगायतका निकायसँग निरन्तर समन्वय गर्नुपर्ने इतिहासविद श्रेष्ठको सुझाव दिए ।

ऋषिकेशव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पर्शुराम भट्टराईले तानसेनको मध्यकालीन इतिहास अध्ययन गर्दा, सेनकालमा निर्माण भएको अर्गलीका सिँचाइ कुलो, अर्गली फाँट तथा त्यस आसपासका पुराना बस्तीलाई समेत ऐतिहासिक अध्ययनको दायरामा समेट्नुपर्ने सुझाव दिए । तत्कालीन समयमा निर्माण गरिएका सिँचाइ प्रणाली, खेतीयोग्य जमिनको उपयोग, बस्ती विकास र स्थानीय उत्पादन प्रणालीले त्यसबेलाको सामाजिक तथा आर्थिक अवस्थाबारे महत्वपूर्ण जानकारी दिनसक्ने अध्यक्ष भट्टराईले जोड दिए ।

छलफलमा लुम्बिनी प्रदेश सरकारका पूर्वसचिव इञ्जिनियर भीमार्जुन पाण्डेले ऐतिहासिक सम्पदा संरक्षण गर्दा स्थानीय समुदायको आर्थिक तथा सामाजिक जीवनलाई जोड्न सके मात्र तानसेनको मध्यकालीन पहिचान दीर्घकालसम्म कायम राख्न सकिने बताए ।

छलफलमा पर्यटनविद् मनमोहन श्रेष्ठ, पत्रकार एवं तानसेन नगर प्रज्ञा प्रतिष्ठानका पदम न्यौपाने तथा अनुसन्धानकर्ता पुष्कर रेग्मीलगायतले तानसेनलाई मध्यकालिन शहरको रुपमा पहिचान दिलाउन ऐतिहासिक सम्पदाको विस्तृत खोज तथा अनुसन्धानमा नगरपालिकाले प्राथमिकता दिनुपर्ने बताए ।

उनीहरूले तानसेनको इतिहासलाई एउटा निश्चित कालखण्डमा मात्र सीमित गर्न नहुन, मध्यकालीन संरचनासँगै शाहकाल राणाकालमा निर्माण भएका भवन तथा अन्य ऐतिहासिक संरचनामा मध्यकालीन सीप, शैली, संरचना, प्रविधि प्रयोग भएकोले ती बस्तुहरु समेत समावेश गर्न सकिने वक्ताहरुको भनाइ रहेको छ । मध्यकालीन बस्तुको पहिचान, अध्ययन र संरक्षण आवश्यक रहेको उनीहरूको भनाइ थियो ।

तानसेनमा समयक्रममा निर्माण भएका विभिन्न संरचना अहिले तीव्र शहरीकरण, अव्यवस्थित निर्माण तथा पुराना संरचनाको स्वरूप परिवर्तनका कारण जोखिममा पर्न सक्ने भन्दै उनीहरूले सम्पदाको सूचीकरण र संरक्षणसम्बन्धी स्पष्ट मापदण्ड बनाउनुपर्नेमा वक्ताहरुले जोड दिए ।

सरोकारवालाले तानसेनलाई मध्यकालीन शहरका रुपमा विकास गर्ने अभियानलाई नगरपालिकाको दीर्घकालीन विकास नीतिसँग जोड्नुपर्ने, सम्पदाको खोज तथा पहिचानपछि त्यसको वैज्ञानिक अभिलेखीकरण, संरक्षण, पुनःस्थापना, स्थानीय समुदायको सहभागिता, सम्पदा क्षेत्र तथा सूचना प्रणालीको व्यवस्थापन गर्नुपर्ने सुझाव दिएका छन् । यसका लागि नगरपालिकाले सम्पदा संरक्षणसम्बन्धी छुट्टै नीति तथा कानुनी व्यवस्था गर्दै हरेक वर्षको बजेट र कार्यक्रममा आवश्यक रकम सुनिश्चित गर्नुपर्ने उनीहरूको भनाइ छ ।

तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले तानसेनलाई विश्व सम्पदा सूचीमा समावेश गराउने दिशामा काम अघि बढाइएको बताए ।

» बाँकी ३ पेजमा

# बैंकले लिलाम गरेपछि घरबारविहीन बने पौडेल दम्पति

लुम्बिनी विकास बैंकले ८१ लाख बढी मूल्याङ्कनको घरजग्गा ५३ लाखमा लिलामी गरेपछि उनीहरू आफन्तको घरमा बस्न बाध्य भएका छन् ।




बुटवल । बैंक तथा वित्तीय संस्थाको मूल जिम्मेवारी ऋणीबाट सम्झौताअनुसार सावाँ, व्याज तथा किस्ता असुल गर्नु हो । तर ऋण असुलीको प्रक्रियामा धितो लिलामी नै प्रमुख माध्यम बन्न थालेपछि ऋणीको सम्पत्ति वास्तविक मूल्यभन्दा निकै कममा बिक्री हुने अवस्था आएको हो कि भन्ने प्रश्न उठ्न थालेका छन् । बुटवलका छापाखाना व्यवसायी दुर्गाबहादुर पौडेल र लक्ष्मी बस्नेत पौडेलको बुटवल मिलनचोकको घरजग्गा लिलामीसम्बन्धी विवादले यस्तै प्रश्न खडा गरेको छ । घरजग्गा लिलामीपछि पौडेल दम्पत्ति डिप्रेसनको शिकार भएका छन् । उनीहरु घरबारविहीन भएपछि अलग अलग आफन्तहरूको घरमा शरण लिएर बस्न बाध्य भएको बताउँछन् ।

पौडेल परिवारका अनुसार लुम्बिनी विकास बैंकले करिब डेढ करोड रुपैयाँ मूल्य पर्ने घरजग्गा ५३ लाख रुपैयाँमा लिलाम बिक्री गरेको हो । बैंकको आफ्नै मूल्याङ्कनमा उक्त सम्पत्तिको मूल्य ८१ लाख ९१ हजार रुपैयाँ कायम गरिएको दाबी पौडेल परिवारको छ । बैंकको मूल्याङ्कन र लिलामी मूल्यबिचको ठूलो अन्तरले लिलामी प्रक्रिया र त्यसमा संलग्न कर्मचारीको भूमिकामाथि प्रश्न उठेको परिवारको भनाइ छ ।

पौडेलले श्रीमती लक्ष्मी विष्ट पौडेलको नाममा रहेको बुटवल उप-महानगरपालिका-९, मिलनचोकस्थित कित्ता नम्बर १९१ को ५९.०४ वर्गमिटर जग्गा र त्यसमा निर्मित तीनतले पक्की घर धितो राखेर २०७७ पुस १ गते लुम्बिनी विकास बैंकको रुपन्देही, बुटवल शाखाबाट ४८ लाख रुपैयाँ कर्जा लिएका थिए ।

व्यवसायमा आएको मन्दी र कोभिड-१९ को असरका कारण बैंकको नियमित किस्ता भुक्तानीमा केही समस्या आएको पौडेल बताउँछन् । तर आफूले बैंकसँग समन्वय गरेर ऋण चुक्ता गर्ने प्रयास जारी राखेको उनको दाबी छ । उनका अनुसार बैंकका तत्कालीन शाखा प्रमुख चन्द्रबहादुर सारुसँगको समन्वयमा घरजग्गा बिक्री गरेर ऋण चुक्ता गर्ने समझदारीसमेत भएको थियो । सोहीअनुसार घरजग्गा बिक्रीका लागि बैना गरिसकेको अवस्थामा बैंकले आफूलाई जानकारी नदिई गोप्य रूपमा लिलामी गरेको पौडेलको आरोप छ ।

पौडेलका अनुसार बैंकको सावाँ, व्याज तथा अन्य रकम जोड्दा करिब ५८ लाख ३९ हजार रुपैयाँभन्दा बढी दायित्व देखिएको अवस्थामा समेत घरजग्गा ५३ लाख रुपैयाँमा बिक्री गरिएको हो । यसले लिलामी प्रक्रिया ऋण असुलीका लागि कति प्रभावकारी र पारदर्शी थियो भन्ने प्रश्न उठाएको छ ।

स्थानीय खगेन्द्र पौडेलले बैंकले पटक-पटक सावाँ, व्याज र हर्जाना चुक्ता गर्न दबाब दिएको, तर लिलामीबारे ऋणीलाई पर्याप्त जानकारी नदिएको पीडितले आफूहरुसँग गुनासो गरेको बताउँछन् । स्थानीय दीपक पौडेल पनि पहिलो पक्षलाई जानकारी नदिई तेस्रो पक्षलाई सम्पत्तिको हक हस्तान्तरण गरिएको दाबीप्रति प्रश्न उठाउँछन् । पीडित पौडेल भन्छन्-'बैंकलाई समेत घाटा हुने गरी घरजग्गा तेस्रो व्यक्तिको नाममा बिक्री गरिनुले प्रक्रिया नै शंकास्पद देखिएको छ । यसबाट म घरबारविहीन भएँ, बैंकले पनि आफ्नो रकम पूर्णरूपमा असुल गर्न सकेन ।'

» बाँकी ३ पेजमा

गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- गाउँपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र पौड्याल
अध्यक्ष

गैंडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## झुम्सा खानेपानी आयोजना कहिले ?

बुटवलको खानेपानी समस्या समाधान गर्न डेढ दशकअघि सुरु भएको झुम्सा खानेपानी आयोजना अझैं पूरा नहुनुले हाम्रा विकास आयोजना, लक्ष्य र प्रतिफलका बारेमा बग्रेल्ती प्रश्न खडा भएका छन् । एउटा विकास आयोजना सुरु भएको कति समयमा सकिन्छ भन्ने ग्यारेण्टी नहुँदा नागरिकले विकासको प्रतिफल पाउन सकेका छैनन् । समयमा आयोजनाको काम नसकिंदा लागत बढ्ने मात्रै नभई लक्षित वर्गले अपेक्षित प्रतिफल पाउँदैनन् ।

झुम्सा खानेपानी आयोजनाको शिलान्यास २०६६ सालमा भएको हो । आयोजना छिट्टै पूरा हुने भन्न थालेको पनि चार वर्ष भइसक्यो, तर अझै कति समय लाग्छ भन्ने टुंगो छैन । मेलम्ची आयोजना पूरा हुन तीन दशक लाग्यो । बुटवलको खानेपानी समस्या समाधान गर्न अघि बढेको आयोजना पनि डेढ दशक नाघ्यो । यो हिसाबले बुटवलको 'मेलम्ची आयोजना' को रूपमा टिप्पणी हुनुले हाम्रो सिंगो विकास प्रक्रियामाथिको प्रश्न पनि हो ।

झुम्सा खानेपानी आयोजनाबाट दुई वर्षयता पटक-पटक धारामा पानी खस्ने समय सीमा निर्धारण भयो । अहिले पनि खानेपानी आयोजना छिट्टै पूरा हुन्छ भन्न छाड्दैनन्, खानेपानी संस्थानका अधिकारीहरु । तर कहिले बन्छ भन्ने टुंगो छैन । राजनैतिक प्रणालीप्रति नागरिकको अपनत्व बढाउन विकास आयोजना समयमै सकिनुपर्छ । प्रतिफलमुखी आयोजना अस्तव्यस्त हुँदा नागरिकको असन्तुष्टि बढ्छ । विकास आयोजना सुरु भएपछि तोकिएकै समयसीमामा पूरा हुने विश्वास दिन सक्दा मुलुकमा आशा र भरोसा बढ्छ । २०६६ असारमा शिलान्यास गर्ने बेला तीन वर्षभित्र झुम्सा खानेपानी आयोजना सम्पन्न हुने घोषणा गरिएको थियो । यो घोषणा गरेको १५ वर्ष बित्दा समेत सम्पन्न हुने समयसीमाको विश्वास छैन ।

मुहानदेखि केही तल र रामफेदीमा बनाउनुपर्ने ट्याङ्की कहिले हो बन्ने ? जग्गाको टुंगो छैन । पाइपलाइन विस्तारको काम हुँदा नै ट्यांकीका लागि जग्गा र बजेट व्यवस्था गर्न किन ध्यान गएन् ? आयोजनाको पाइपलाइन विस्तारले मात्रै खानेपानी आयोजना सम्पन्न हुन लागेको मानिंदैन् । ट्याङ्की बनाउनका लागि जग्गा र बजेट व्यवस्था नहुनु आयोजनाको कमजोरी हो । यो कमजोरीको समीक्षा गरी दोषीलाई कारबाही हुनुपर्छ । एउटा मध्यम खालको खानेपानी आयोजनाको यस्तो दुदर्शा छ भने मुलुकमा अरु के हुन्छ भन्ने समाजमा स्थापित मनोविज्ञानलाई तोड्न अब छिटो यो आयोजना सम्पन्न गर्नुपर्छ । त्यसो त पछिल्ला दिनमा केही ठूला आयोजना निर्माणको कामले गति लिएको छ । ठूला विकास आयोजनाको कामले गति लिँदा यो आयोजनाले पनि गति लिने आशा गर्न सकिन्छ । झुम्सा आयोजनालाई छिटो सम्पन्न गरी बुटवलको खानेपानी समस्या समाधान गर्न सक्दा नागरिकमा आशा र विश्वास जाग्छ ।

# कम छैनन् बलियो सरकारका चुनौती



केशव शर्मा

जनताको मौन प्रतीक्षा धेरै लामो नहुन सक्छ । जनताको धैर्यको परीक्षा लिनुअघि सत्ताले आफ्नै धैर्य जोगाउनु पर्नेछ । नेपालमा जननिर्वाचित सरकारको पूरा कार्यकालभन्दा सरकार परिवर्तनको इतिहास लामो छ । रास्वपा सरकार त्यो इतिहासमा अर्को एउटा अध्याय थप्न आएको हो कि नयाँ राजनीतिक संस्कारको सुरुवात गर्न, यसको फैसला भने समयले नै गर्नेछ ।

नेपालमा सरकार बन्नुभन्दा टिक्नु चुनौतीपूर्ण हुन्छ । जनताले मत दिन्छन्, सरकार बन्छ तर त्यसले पूरा कार्यकाल काम गर्न पाउँछ कि पाउँदैन भन्ने प्रश्न गठनसँगै जन्मिन्छ । विगतको राजनीतिक इतिहास हेर्दा यसको उदाहरण खासै उत्साहजनक छैन । सरकार फेरिनु, प्रधानमन्त्री फेरिनु र सत्ता समीकरण बदलिनु नेपाली राजनीतिका त्यस्ता नियमित घटना बनेका छन् जसलाई अस्वाभाविक मान्न पनि छाडिएको छ ।

अहिले भने परिस्थिति केही फरक छ । राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधि सभा निर्वाचनमा झन्डै दुईतिहाइ बहुमत ल्याएर एकल सरकार बनाएको छ । दुईतिहाइका लागि १८४ सिट आवश्यक पर्नेमा रास्वपा त्यसको दुई सिटमात्रै कम छ । बालेन्द्र शाह प्रधानमन्त्री छन् । सरकारसँग संसद्मा अत्यन्त बलियो बहुमत छ । यस्तो शक्ति नेपालको पछिल्ला दशकको राजनीतिमा बिरलै देखिएको हो । त्यसैले यो सरकारसँग जनताको अपेक्षा पनि स्वाभाविक रूपमा ठूलो छ ।

बलियो जनमतले सरकारलाई निर्णय गर्ने सुविधामात्रै दिँदैन जिम्मेवारी पनि थपिदिन्छ । विपक्षी कमजोर भएको अवस्थामा सरकारलाई आफ्नो कामका लागि बहाना बनाउने ठाउँ थप कम हुन्छ ।

निर्णय गर्न संसद्मा अंकगणितको समस्या छैन । सरकार टिकाउन गठबन्धनका साझेदारलाई खुसी पारिरहनुपर्ने बाध्यता छैन । त्यसैले अब सरकारको सफलता वा असफलताको जिम्मेवारी पनि मूलतः उसैको हुनेछ ।

जनताको जीवनमा सरकारको शक्ति संसद्को संख्याबाट देखिँदैन । त्यो बजारमा देखिन्छ, भान्छामा देखिन्छ, रोजगारीमा देखिन्छ, सार्वजनिक सेवामा देखिन्छ । महँगीको दबाबमा परेको परिवारले सरकार कति बलियो छ भनेर संसद्को अंक हेरेर होइन महिनाको अन्त्यमा आफ्नो आम्दानीले कति सामान किन्न सकिन्छ भनेर महसुस गर्छ । खाना पकाउने ग्यासको सहज आपूर्ति हुन्छ कि हुँदैन भन्ने कुराले पनि सरकारको प्रभावकारिताको मापन गर्छ ।

अर्थतन्त्रमा लय फर्किन्छ कि फर्किँदैन, युवाले देशमै अवसर देख्छन् कि देख्दैनन्, राज्यका कार्यालयमा सामान्य कामका लागि नागरिकले कति दुःख पाउँछन् भन्ने कुराले सरकारको वास्तविक शक्ति देखाउनेछ ।

अहिलेको रोचक पक्ष के हो भने केही समस्या भए पनि सरकारप्रतिको भरोसा तत्काल सडकमा ठूलो असन्तोषका रूपमा देखिएको छैन । विगतमा सरकारका निर्णयविरुद्ध सडक तात्ने गरेको नेपालमा अहिले त्यस्तो व्यापक विरोध देखिएको छैन, फाट्टफुट्ट बाहेक । यसको अर्थ सरकारलाई प्रश्न गर्नुपर्ने अवस्था नै छैन भन्ने होइन । यसको अर्थ जनताले यो सरकारलाई केही समय दिएर हेर्न चाहेका छन् भन्ने बुझ्न सकिन्छ । ठूलो जनमतपछि बनेको सरकारले केही फरक गर्छ कि भन्ने अपेक्षा अझै बाँकी छ । यही अपेक्षा सरकारका लागि सबैभन्दा ठूलो पुँजी हो । र यही पुँजी सबैभन्दा छिटो गुम्न सक्ने जोखिम पनि हो ।

सरकार बाहिरबाट मात्रै कमजोर हुँदैन भित्रबाट पनि हुन सक्छ । सत्तारुढ दलका नेताहरूका विवादास्पद अभिव्यक्ति, सांसदहरूबिच देखिने मतभिन्नता र पार्टीभित्र बेलाबेला सतहमा आउने शक्ति संघर्षले सरकारलाई लिएर प्रश्न उठाउने ठाउँ दिइरहेका छन् । अहिले देखिएका सबै मतभेदलाई सत्ता संघर्ष नै भनेर निष्कर्ष निकाल्न हतार गर्नु भने हुँदैन । नयाँ राजनीतिक शक्तिमा फरक पृष्ठभूमिबाट आएका नेता हुनु र विचारमा मतभिन्नता हुनु अस्वाभाविक पनि होइन । तर यस्ता मतभिन्नता संस्थागत संवादमा व्यवस्थापन हुन्छन् कि व्यक्तिगत शक्ति संघर्षमा बदलिन्छन् भन्ने प्रश्न चाहिँ महत्त्वपूर्ण छ । नेपालको इतिहासले एउटा गम्भीर पाठ दिएको छ -सरकार सधैँ विपक्षीले ढालेरमात्रै ढलेका छैनन् । धेरैपटक आफ्नै घरभित्रको असमझदारीले पनि ढलेका छन् ।

विसं २०१५ सालको पहिलो निर्वाचनमा नेपाली कांग्रेसले दुईतिहाइ बहुमत प्राप्त गरेको थियो । विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा सरकार बन्यो । तर त्यो सरकारलाई पूरा कार्यकाल काम गर्ने अवसर मिलेन । विसं २०१७ साल पुस १ गते राजा महेन्द्रले संसद् विघटन गरी निर्वाचित सरकारलाई अपदस्थ गरे ।

विसं २०४६ सालपछि प्रजातन्त्र पुनर्बहाली भयो भने २०४८ सालको निर्वाचनपछि नेपाली कांग्रेसको बहुमतको सरकार बन्यो । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । तर त्यो सरकारले पनि निर्धारित अवधि पूरा गर्न सकेन । त्यसपछि मध्यावधि निर्वाचन, अल्पमत सरकार, अविश्वास प्रस्ताव र सत्ता समीकरणको शृंखला सुरु भयो ।

विसं २०५१ सालको निर्वाचनपछि मनमोहन अधिकारी नेतृत्वको सरकार बन्यो तर त्यो पनि छोटो समयमै संकटमा पर्‍यो । त्यसपछिका वर्षहरू थप अस्थिर रहे । शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द, सूर्यवहादुर थापा, पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई, सुशील कोइराला र केपी शर्मा ओलीसम्मका सरकारहरू विभिन्न राजनीतिक कारणले पूरा कार्यकाल चल्न सकेनन् ।

उसो त जेनजी आन्दोलनबाट सत्ताच्युत भएका पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले अहिले पनि प्रतिगामी र स्वतन्त्रताविरोधी कदम धेरै लामो समय टिक्न नसक्ने दाबी गर्दै आएका छन् । अन्य दलका नेताहरूको आशय पनि करिब यस्तै देखिन्छ । फरक यत्ति हो ओलीले जे कुरा खुलेर भनिरहेका छन्, अरूले त्यही कुरा घुमाउरो शैलीमा भनेको देखिन्छ ।

नेपालमा प्रजातन्त्रपछि जननिर्वाचित सरकारले आफ्नो कार्यकाल पूरा गरेको इतिहास छैन । एकल बहुमतको सरकारसमेत पाँच वर्ष टिक्न नसकेका उदाहरण छन् । कहिले सत्ता समीकरणले प्रधानमन्त्री ढले, कहिले अदालतको आदेशले सरकार फेरियो र कहिले जनविद्रोहले सत्ताको कुर्सी नै उल्टाइदियो ।

त्यसैले अहिलेको रास्वपा सरकारका लागि सबैभन्दा ठूलो परीक्षा विपक्षी कति कमजोर छन् भन्ने होइन, आफू कति संयमित, संस्थागत र परिणाममुखी रहन सक्छ भन्ने हो ।

प्रतिनिधि सभामा १८२ सांसदको शक्ति सरकारका लागि अवसर हो । तर यही शक्ति अहंकारमा बदलियो भने त्यही संख्या बोझ बन्न सक्छ । विपक्षी कमजोर हुनु सरकारका लागि सुविधा हो तर प्रश्न गर्ने ठाउँ कमजोर हुनु लोकतन्त्रका लागि जोखिम हो । त्यसैले सरकारलाई आलोचना गर्ने आवाज कम सुनियो भन्दै सन्तुष्ट हुने होइन बरु आफ्नै काममाथि थप कठोर प्रश्न गर्न सक्ने संस्कार विकास गर्नुपर्ने हुन्छ ।

अहिले सडकमा सरकारविरुद्ध जनआक्रोशको ठूलो लहर देखिएको छैन । तर यसलाई सरकारका हरेक कामप्रति जनताको अनुमोदनका रूपमा बुझ्नु पनि गलत हुने छ । जनताले सरकारलाई तत्काल कठघरामा उभ्याउनुको सट्टा केही समय हेर्ने धैर्य देखाएका छन् । मौनता सधैँ समर्थन हुँदैन, कहिलेकाहीँ त्यो 'हेरौँ, अब के गर्छ' भन्ने अपेक्षाको मौन प्रतीक्षा पनि हुन सक्छ ।

रास्वपाले चुनावमा पाएको जनमत पुराना दलहरूप्रतिको असन्तुष्टि र नयाँ राजनीतिक विकल्पप्रतिको भरोसासँग जोडिएको थियो र छ । रास्वपाले झन्डै दुईतिहाइ स्थान जित्दा कांग्रेस र एमालेजस्ता दलहरू निकै सानो संख्यामा खुम्चिए । यस्तो परिणामले पुराना शक्तिलाई मात्रै सन्देश दिएको छैन नयाँ भनिएको रास्वपालाई पनि ठूलो जिम्मेवारी दिएको छ र सन्देश पनि उस्तै दिएको छ ।

अब जनताले बालेन सरकारसँग परिणाम खोजेका छन्, खोज्नेछन् । ग्यास सहज भयो कि भएन, बजारमा महँगी घट्यो कि घटेन, अर्थतन्त्र चलायमान भयो कि भएन, रोजगारी बढ्यो कि बढेन, राज्यका निकाय नागरिकप्रति जवाफदेही भए कि भएनन् । यी प्रश्नको उत्तरले सरकारको मूल्याङ्कन गर्नेछ ।

सडकले अहिले सरकारलाई लखेटेको छैन तर सत्ताको घरभित्रै खटपटका आवाज सुनिन थालेका छन् । मन्त्री र सचेतकबिचको वाकयुद्धदेखि संसद्को रोष्टमबाटै आफ्नै सरकारमाथि उठेका प्रश्नसम्मले असन्तुष्टिको संकेत गरिरहेका छन् । त्यसमाथि प्रधानमन्त्री र सत्तारुढ दलको नेतृत्व समूहबिच देखिएको शक्ति संघर्षले समस्या बाहिरभन्दा भित्रै बढी रहेको देखाउँछ ।

जनताले सरकारलाई समय दिएका छन् । तर सत्तारुढ शक्तिले त्यो समयलाई आपसी हिसाब मिलाउन खर्च गर्‍यो भने जनताको मौन प्रतीक्षा धेरै लामो नहुन सक्छ । जनताको धैर्यको परीक्षा लिनुअघि सत्ताले आफ्नै धैर्य जोगाउनु पर्नेछ । नेपालमा जननिर्वाचित सरकारको पूरा कार्यकालभन्दा सरकार परिवर्तनको इतिहास लामो छ । रास्वपा सरकार त्यो इतिहासमा अर्को एउटा अध्याय थप्न आएको हो कि नयाँ राजनीतिक संस्कारको सुरुवात गर्न, यसको फैसला भने समयले नै गर्नेछ ।
बाह्रखरीबाट

# कम उमेरमा देखिँदै डिमेन्सियाको समस्या

प्राडा अमित थापा

नेपालमा धेरै देखिएको न्यूरोलोजिकल समस्यामा टाउको दुख्ने र ढाड दुख्ने समस्या पर्छन् । धेरै बिरामीहरु यी दुवै समस्याले अस्पतालको ओपिडीसम्म आइपुग्ने गरेका छन् ।

न्यूरो सर्जिकल समस्यामा भने चोटपटक लागेर अस्पताल आउने बिरामीहरुको संख्या धेरै छ । त्यस्तै दिमागभित्र रक्तस्राव भएर तथा रगतको नशा बन्द भएर आउने बिरामीहरु पनि धेरै छन् । ब्रेन ट्युमर, दिमागमा पानीको नशाहरु बन्द हुने तथा स्पाइनको समस्या पनि पछिल्लो समय बढी देखिएको न्यूरो सर्जिकल समस्या हो ।

**मानसिक स्वास्थ्य र मस्तिष्कबिचको सम्बन्ध**

यी दुईबिचको सम्बन्धलाई हार्डवेयर र सफ्टवेयरका रुपमा लिन सकिन्छ । भर्खरै जन्मिएको शिशुको ब्रेन पूर्ण रुपमा बनिसकेको हुँदैन । बच्चा ४ वर्षको हुँदासम्म उसको ब्रेनको विकास भइ नै रहेको हुन्छ । मस्तिष्कले पूर्ण रुपमा काम गर्नका लागि बच्चा ७ वर्ष भएको हुनुपर्छ । ७ वर्षपछि भने ब्रेनमा रहेका कोषहरुको विकास हुँदैन । दिमागको स्मृति क्षमता तथा तार्किक क्षमता मानिसले आफैंले विकास गर्न सक्ने कुरा भएको मनोचिकित्सकहरु बताउँछन् । बढीभन्दा बढी मात्रामा अभ्यास गरेमा यी क्षमता बढ्दै जाने हुन् ।

धुम्रपान, मद्यपान जस्ता स्वास्थ्यका लागि हानिकारक पदार्थहरुको सेवनले दिमागलाई बिग्राछ । जसले लामो समयपछि अल्जाइमर जस्ता रोगहरु देखा पर्छन् । मानसिक स्वास्थ्य एक प्रकारको सफ्टवेयर अर्थात् सोंच हो । तपाईंले आफैंलाई के सोंच्नुहुन्छ भने पक्ष मानसिक स्वास्थ्यसँग सम्बन्धित हुन्छ । सामाजिक सञ्जालको बढी मात्रामा प्रयोगले मानसिक स्वास्थ्यलाई राम्रो गर्दैन ।

कुनै बिरामीहरुमा एक्कासी पनि स्मरणसम्बन्धी समस्या देखिन सक्छ । पछिल्लो समय खानेकुरामा धेरै मात्रामा विषादीको प्रयोग हुँदा मानसिक स्वास्थ्यलाई बिगारेको छ । जसले स्मरण शक्ति घट्दै गएको छ । नेपालीहरुको औसत आयु बढ्दै जाँदा पनि अल्जाइमर्स रोग बढ्दै गएको हो । रक्तचाप नियन्त्रणमा नभई त्यसका कारण दिमागमा असर पर्दै जानु, ब्रेनलाई असर गर्ने खालका खास प्रकारका औषधिको प्रयोगले पनि स्मरण शक्ति क्षय हुन सक्छ ।

**अल्पकालीन तथा दीर्घकालीन स्मृति**

दिमागका नशाहरुले एक आपसमा टाँसिएर केमिकल बनाउने गर्छन् । मेमोरी धेरै प्रकारका हुन्छन् । सबै प्रकारमा मेमोरी केमिकलका रुपमा ब्रेनभित्र बसेका हुन्छन् । हालसालै गरेका कुरालाई तत्कालै भन्न सक्नु सर्ट टर्म मेमोरी हो । धेरै समय अगाडि भएका कुरालाई पनि शिलशिलाबद्ध रुपमा भन्न सक्नु लंग टर्म मेमोरी हो । दुवै प्रकारका मेमोरीको प्रक्रिया एउटै हो ।

मेमोरी पावर बढाउनका लागि कुनै पनि कुरामा ध्यान दिन आवश्यक हुन्छ । त्यसपछि उक्त कुरालाई रजिष्ट्रेशन गरी दिमागको कुन स्थानमा बस्ने क्याटलक गराउन आवश्यक छ । जसलाई बेलाबेलामा रिकल गराउनुपर्छ । यस्तो गर्न सकेमा मात्रै बेलाबेला ती कुरालाई निकाल्न सकिन्छ । रजिष्ट्रेशनदेखि रिकलसम्मको प्रक्रिया नै मेमोरी हा । दिमागको निश्चित भागहरुले लंग टर्म मेमोरीमा काम गर्छ । मानिसहरुको मेमोरी लंग टर्म र सर्ट टर्म दुवै एकैपटक गएको देखिदैन । मानिसहरुमा एकै पटक दुवै प्रकारका मेमोरी हट्दैन । त्यसकारण ब्रेनका विभिन्न समस्याको उपचारका क्रममा यी दुवै प्रक्रियाले सहयोग गर्छ ।

**डिमेन्सिया किन कम उमेरमा नै ?**

पछिल्लो समय अल्जाइमर शब्दको प्रयोग व्यापक रुपमा हुँदै आएको छ । वैज्ञानिक भाषामा भन्नुपर्दा यसलाई डिमेन्सिया भन्ने गरिन्छ । स्ट्रोकको समस्याका कारण डिमेन्सियाका बिरामीहरु बढ्दै गएका छन् । यसले बिरामीको मेमोरी हराउन सक्छ । एमआरआई गर्दा बिरामीमा कुनै प्रकारको रोग नदेखिएपनि वा कुनै प्रकारको ब्रेन ड्यामेजको समस्यामा अल्जाइमर्स हुन सक्छ भन्ने शंका गर्न सकिन्छ ।

हालसम्म पनि अल्जाइमर्स रोगको यकिन गर्नका लागि कुनै पनि प्रकारको परीक्षण हुँदैन । मानिसको मृत्युपछि ब्रेनको बायोप्सी गरेर मात्रै अल्जाइमर्स भएको पत्ता लगाउन सकिन्छ । क्लिनिकल परीक्षणको आधारमा अल्जाइमर्सको औषधि दिने गरिन्छ । पछिल्लो समय स्वस्थकर जीवनशैलीका व्यवहारहरुको पालना नहुँदा कम उमेरमा नै अल्जाइमर्सको समस्या देखिन थालेको छ ।

**सर्जरीपछि बदलिन सक्छ बिरामीको व्यवहार**

मस्तिष्क सर्जरीपछि बिरामीको व्यवहार बदलिन्छ भन्ने त्रास धेरै मानिसहरुमा हुन्छ । बिरामीको सर्जरीभन्दा पनि रोगले बिरामीलाई बिगारेको हुन्छ । ब्रेन ट्यूमरको शल्यक्रियाका क्रममा हामीले गिद्धीलाई समेत छोएका हुन्छौं । सर्जरीका क्रममा दिमागभित्र पुर्‍याइने तारले पनि बिरामीको व्यवहारलाई परिवर्तन गर्न सक्छ । नेपालमा गरिने ब्रेनसम्बन्धी सर्जरीकै कारणले बिरामीको व्यवहार परिवर्तन भने हुँदैन ।

यसका लागि सबैभन्दा पहिलो कुरा भनेको मेमोरीको प्रक्रियालाई सिक्न आवश्यक छ । त्यसका लागि गर्न लागिएको कुरालाई प्राथमिकतामा राख्नुपर्छ । आजभोलि मान्छेको दिमागले धेरै प्रकारको काम गर्छ भन्ने भ्रम रहेको पाईन्छ । तर त्यो होइन । हामी धेरै प्रकारका काम गर्छौं, कुनै काममा ध्यान नदिँदा त्यसलाई सम्झन सकिदैन । मेमोरी बढाउनका लागि सबैभन्दा पहिलो कुरा गरिएको कामलाई प्राथमिकता दिन सक्नुपर्छ। त्यस्तै ती कुरालाई क्याटलक पनि गर्न जरुरी छ । दैनिक रुपमा गरिएका कामलाई राती सुत्ने बेलामा सम्झिएमा दिमागले त्यसलाई आफैं क्याटलक गरिदिन्छ ।

**तनाव र अनिन्द्राको मस्तिष्कमा पर्न सक्छ असर**

तनाव र निन्द्राले मस्तिष्कमा एकदमै नराम्रो असर पर्छ । तनाव व्यवस्थापन तथा गहिरो निन्द्राले मानसिक स्वास्थ्यलाई राम्रो बनाउन सक्छ । मानिसको धैर्य गर्ने क्षमता कम हुँदै जानु तथा प्रत्येक कुरामा रियाक्ट गर्ने परिपाटीले तनाव बढ्दै गएको छ । विभिन्न प्रकार ध्यानले मानिसको दिमागलाई शान्त बनाउन सक्छ ।

सामाजिक सञ्जाल बढी चलाउनुको भन्दा आफन्त तथा साथीभाईसँग कुराकानीमा समय बिलाउँदा पनि तनावलाई कम गर्न सकिन्छ । स्लिप हाइजिनको पालना गर्न सकेमा त्यसले मानसिक स्वास्थ्यमा सकारात्मक परिवर्तन गर्न सक्छ । सकेसम्म निन्द्राको लागि एउटै समय पालना गर्न सके स्लिप हाइजिनको पालना गर्न सकिन्छ ।

# नेप्से परिसूचकमा सामान्य अंकको वृद्धि



काठमाडौं । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा मंगलबार सामान्य सुधार देखिएको छ ।

दिनभरिको कारोबारमा १३७ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने १३१ वटा कम्पनीको मूल्य घटेको छ । साथै, ११ वटा कम्पनीको सेयर मूल्यमा भने कुनै परिवर्तन आएको छैन ।

बजारमा उत्साहजनक कारोबार भएको छ । दिनभरिमा कुल ७ अर्ब ५ करोड ३९ लाख रुपैयाँ बराबरको सेयर किनबेच भएको छ भने २ करोड १५ लाख ८९ हजार ७६१ कित्ता सेयर खरिदबिक्री भएका छन् ।

कारोबारमा मिड सोलु हाइड्रोपावरका लगानीकर्ताले सर्वाधिक १४.९९ प्रतिशत कमाएका छन् । अन्य कम्पनीहरुको सुधार एकल अंकमा सीमित छ । आज स्नो रिभर लिमिटेडका लगानीकर्ताले सबैभन्दा धेरै ८.२३ प्रतिशत गुमाएका छन् ।

समूहगत आधारमा अन्य समूहमा १.३६ प्रतिशत सुधार हुँदा अन्य समूहमा मिश्रित अवस्था देखिएको छ । यद्यपि अन्य बाहेक सबै समूहमा एक प्रतिशतभन्दा कम मात्रै उतार चढाव आएको छ ।

सर्वाधिक कारोबार हुने कम्पनीहरूको सूचीमा हाथवे इन्भेस्टमेन्ट नेपाल शीर्ष स्थानमा रहेको छ । त्यसपछि हिमालयन डिस्टिलरी र घलेम्दी हाइड्रो क्रमशः छन् ।

## बृहत्तर लुम्बिनी क्षेत्र विकास अन्तर्राष्ट्रिय सम्मेलन :

# सम्पदा संरक्षणदेखि स्थानीय रोजगारीसम्मका ५ प्राथमिकता तय




बुटवल। बुद्ध जन्मस्थल लुम्बिनीलाई केन्द्रमा राखेर रुपन्देही, कपिलवस्तु र नवलपरासीका बुद्धसँग सम्बन्धित ठाउँ समेटेर बृहत् लुम्बिनी क्षेत्रको संरक्षण, पर्यटन विकास र स्थानीय समुदायको आर्थिक सहभागिता सुनिश्चित गर्न पाँचवटा प्रमुख प्राथमिकता तय भएका छन्।

लुम्बिनीमा सम्पन्न तीन दिने अन्तर्राष्ट्रिय सम्मेलनपछि लुम्बिनी विकास कोष, युनेस्को र विश्व बैंकले संयुक्तरुपमा सोमबार जारी गरेको लुम्बिनी घोषणापत्रमा बृहत् लुम्बिनी क्षेत्रको संरक्षण तथा दिगो विकासका लागि ५ वटा प्राथमिकता सहित ठोस कार्यदिशा अघि सारेको हो। नेपाल सरकार, युनेस्को, लुम्बिनी विकास कोष र विश्व बैंकको सहकार्यमा २-४ असोजसम्म लुम्बिनीमा बृहत् लुम्बिनी क्षेत्र विकास (ग्लाड) परियोजनासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो। सम्मेलनले पवित्र उद्यानको शान्त बौद्ध वातावरण कायम राख्ने, स्थानीय समुदायको सहभागिता बढाउने, सम्पदा-समुदाय-वातावरण र जीविकोपार्जनलाई एकीकृत गर्ने, वैज्ञानिक अध्ययनबिना पूर्वाधार निर्माण नगर्ने तथा सम्पदा स्थलको ऐतिहासिक र आध्यात्मिक मूल्य जोगाउने गरी पाँच प्रमुख प्राथमिकता तय गरेको छ।

**संरक्षण र विकासबिच सन्तुलन**

सम्मेलनले लुम्बिनीलाई पुरातात्विक वा धार्मिक सम्पदाका रूपमा मात्र नभई जीवित सांस्कृतिक परिदृश्यका रूपमा विकास गर्नुपर्ने निष्कर्ष निकालेको छ। सम्मेलनले पवित्र उद्यानको शान्त बौद्ध वातावरण कायम राख्ने, धार्मिक, सांस्कृतिक तथा आगन्तुकका गतिविधिले पवित्र दृश्यचित्र, स्थानीय रीतिरिवाज तथा आस्थाको सम्मान गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ।

**स्थानीय समुदायसँग समन्वय**

सम्मेलनले लुम्बिनी विकास कोष, सम्बन्धित सामुदायिक संस्था, विहार/गुम्बा समुदाय तथा स्थानीय सरोकारवालाबिच नजिकको सहकार्य गरी स्थानीय समुदायको सहभागिता समन्वय गर्नुपर्ने निष्कर्ष निकालिएको छ। सम्पदा संरक्षण, सामुदायिक विकास, वातावरणीय संरक्षण तथा स्थानीय जीविकोपार्जनका अवसरलाई एकीकृत गर्दै पवित्र परिदृश्य केन्द्रित विकास अवधारणा अपनाउन सम्मेलनले सुझाव दिएको छ।

**पूर्वाधार निर्माणअघि गुरुयोजना अनिवार्य**

बृहत् लुम्बिनी क्षेत्रमा जथाभावी पूर्वाधार विकास नगर्न सम्मेलनले स्पष्ट सन्देश दिएको छ।

कुनै पनि पूर्वाधार वा विकास निर्माणको काम स्वीकृत गर्नुअघि गुरुयोजना, भू-उपयोग योजना, संरक्षण योजना, जलवैज्ञानिक अध्ययन, ढल निकास तथा वातावरणीय न्यूनीकरण योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने सम्मेलनको निष्कर्ष छ।

यसले लुम्बिनीको दीर्घकालीन संरक्षण र विकासबीच सन्तुलन कायम गर्न टेवा पुग्ने लुम्बिनी विकास कोषका निमित्त सदस्य सचिव ज्ञानिन राईले बताए।

**सम्पदा पुनःस्थापना तथा मर्मतसम्भार**

पवित्र उद्यान, मायादेवी मन्दिर, प्राचीन स्मारक तथा पुरातात्त्विक अवशेषको ऐतिहासिक, धार्मिक तथा आध्यात्मिक मूल्य-मान्यतालाई सम्मान गर्दै तिनको पुनःस्थापना तथा मर्मतसम्भार गर्नुपर्नेमा सम्मेलनले जोड दिएको छ। विशेषगरी मायादेवी मन्दिरको हालको डिजाइनका कारण छत (छानो) बाट पानी चुहिने/रसाउने कारण मन्दिर जोखममा परेकाले डिजाइन परिवर्तन गर्नुपर्ने सुझाव आए पनि कार्यान्वयन हुन सकेको छैन।

**पर्यटकलाई 'घुमाउने' मात्र होइन, बुझाउने रणनीति**

सम्मेलनले लुम्बिनी आउने तीर्थयात्री तथा पर्यटकलाई यहाँको इतिहास, संस्कृति र परम्पराको अर्थ तथा महत्वबारे जानकारी दिने व्यवस्था गर्नुपर्नेमा जोड दिएको छ। विश्वभरबाट लुम्बिनी आउने पर्यटकलाई पर्याप्त जानकारी र शिक्षा उपलब्ध गराउन सके मात्र लुम्बिनीको धार्मिक तथा सांस्कृतिक महत्वलाई अन्तर्राष्ट्रियस्तरमा प्रभावकारी रूपमा बुझाउन सकिने सम्मेलनको निष्कर्ष छ।

सम्मेलनमा स्थानीय समुदाय, गुम्बा तथा विहारका प्रतिनिधि, स्थानीय उद्यमी, पर्यटन तथा आतिथ्य व्यवसायी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञ, नीति निर्माता, स्थानीय सरोकारवाला र विकास साझेदारसहित १५० भन्दा बढी सहभागी थिए।

सम्मेलनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेल (गनेश)ले लुम्बिनीलाई एउटा सम्पदा स्थलका रूपमा नभई जीवित र पवित्र सांस्कृतिक परिदृश्यका रूपमा संरक्षण गर्नुपर्ने बताएका थिए।

उनले विश्व बैंकसँगको साझेदारीमा सञ्चालित बृहत् लुम्बिनी क्षेत्र विकास पहलमार्फत साझा दृष्टिकोणलाई व्यवहारमा रूपान्तरण गर्ने अवसर प्राप्त भएको उल्लेख गर्दै लुम्बिनीलाई विश्वले शान्ति, करुणा र साझा मानवताको सन्देश सिक्न सक्ने स्थलका रूपमा निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए। करिब साढे १२ अर्ब बराबरको बजेटमा बुद्धको जीवनीसँग जोडिएका कपिलवस्तु (तिलौराकोट), रूपन्देही (देवदह) र पश्चिम नवलपरासी (रामग्राम) लाई समेटेर एकीकृत सांस्कृतिक पर्यटन हबको रूपमा विकास गर्ने लक्ष्य राखेको बृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजनाकाबारे लुम्बिनीमा पहिलोपटक अन्तर्राष्ट्रिय सम्मेलन भएको हो।

बुद्ध जन्मस्थल लुम्बिनीलाई कपिलवस्तुको तिलौराकोट, मावली क्षेत्र देवदह र बुद्धको अस्तुधातु रहेको एकमात्र ठाउं रामग्रामसँग जोडेर एकीकृत सांस्कृतिक तथा पर्यटन हबका रूपमा विकास गर्ने बृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजना कार्यान्वयनको चरणमा प्रवेश गरेको छ। सम्मेलनमा पाँच प्रमुख विषयका रुपमा सम्पदा संरक्षण, आगन्तुक व्यवस्थापन, पर्यटन पूर्वाधार तथा सेवा र समावेशी स्थानीय आर्थिक विकासलाई लिइएको र यसैमा आधारित रहेर छलफल भएको युनेस्कोकी संस्कृति एकाइ प्रमुख नाभा बस्न्यात थापाले जानकारी दिइन्।

उनका अनुसार तीन दिनको छलफलपछि साझा घोषणापत्र जारी गरिएको हो। कोषका निमित्त सदस्य सचिव राईले अन्तर्राष्ट्रिय अनुभव र विज्ञका सुझावलाई बृहत्तर लुम्बिनी क्षेत्रको दीर्घकालीन संरक्षण तथा दिगो व्यवस्थापनका व्यवहारिक योजनामा रूपान्तरण गर्न सम्मेलन फलदायी भएको बताए। विश्व बैंकले १३ मार्च २०२६ मा बृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजनाका लागि ८५ मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकृत गरेको थियो। परियोजनाको बजेटमध्ये १५ मिलियन डलर गन्तव्य योजना, स्थानीय आर्थिक विकास तथा निजी क्षेत्रको सहभागिताका लागि, ६६ मिलियन डलर पर्यटन पूर्वाधार सुधारका लागि र ४ मिलियन डलर परियोजना व्यवस्थापन तथा समन्वयका लागि छुट्याइएको छ। सरकारले यसलाई स्वीकार गर्दै चालु आव २०८३/८४ को बजेटमा समेत समावेश गरिसकेको छ।

परियोजनाले लुम्बिनी, तिलौराकोट, देवदह र रामग्रामलाई जोडेर पर्यटन पूर्वाधार तथा सेवाको सुधार, गन्तव्य व्यवस्थापन र संस्थागत समन्वय सुदृढीकरण, निजी लगानी आकर्षण तथा स्थानीय समुदायका लागि रोजगारी र आर्थिक अवसर विस्तार गर्ने लक्ष्य राखेको छ। सडक, सरसफाइ तथा ढल व्यवस्थापन, विद्युतीकरण, आगन्तुक सुविधा र ध्यान केन्द्रलगायतका पूर्वाधारमा समेत लगानी गरिनेछ।

परियोजना पूर्वाधार विकास मन्त्रालयको नेतृत्वमा सहरी विकास तथा भवन निर्माण विभाग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पुरातत्व विभागको सहकार्यमा कार्यान्वयन हुनेछ।

लुम्बिनी विकास कोष, नेपाल पर्यटन बोर्ड, यहाँका लुम्बिनी सांस्कृतिक नगरपालिका, देवदह नगरपालिका, कपिवलस्तु नगरपालिका, सैनामैना नगरपालिका, रामग्राम नगरपालिकासहित विभिन्न सम्बन्धित स्थानीय तह, युनेस्को र अन्तर्राष्ट्रिय सम्पदा साझेदारसँग पनि सहकार्य गरिने भएको छ।

परियोजनाले लुम्बिनी आउने पर्यटकको बसाई अवधि र औसत खर्च बढाउने, पर्यटनबाट स्थानीय समुदायले प्रत्यक्ष लाभ पाउने वातावरण बनाउने तथा नेपालको पर्यटन क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता सुदृढ गर्ने लक्ष्य लिएको छ। विश्व बैंकका अनुसार बृहत्तर लुम्बिनी क्षेत्रका १० मध्ये आठ बढी गरिबी भएका नगरपालिका लुम्बिनी प्रदेशमा रहेकाले पर्यटनबाट सिर्जित आर्थिक अवसरलाई स्थानीय समुदायसम्म पुर्‍याउनु परियोजनाको महत्वपूर्ण पक्ष रहेको दाबी गरिएको छ। यस परियोजनाका लागि स्रोत जुटाउने प्रक्रिया अघि बढाउन पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले विशेष पहल गरेका थिए। विश्व बैंकबाट ऋण सहायता स्वीकृत भएसँगै परियोजना कार्यान्वयनको चरणमा प्रवेश गरेको हो। लुम्बिनी सन् १९९७ मा युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भएको सम्पदा स्थल हो। विश्व सम्पदा समितिले सन् २०२६ मा लुम्बिनीको संरक्षणसँग सम्बन्धित विभिन्न विषयमा नेपाललाई थप काम गर्न आग्रह गरेको थियो।

सम्मेलनका निष्कर्षहरूलाई व्यवहारिक र यथार्थपरक बनाउन सहभागीहरूलाई बुद्धको जन्मस्थल लुम्बिनी तथा युनेस्को विश्व सम्पदा सूचीकृत लुम्बिनीको पवित्र उद्यान र बृहत्तर लुम्बिनी क्षेत्रभित्र पर्ने तिलौराकोट-कपिलवस्तु लगायतका प्रमुख सम्पदा स्थलहरूको स्थलगत अवलोकन गराई यहाँको सामाजिक-सांस्कृतिक परिवेश, हाल भइरहेका संरक्षण प्रयास, विद्यमान चुनौतीका साथै तीर्थयात्री र स्थानीय समुदायका आवश्यकताहरू प्रत्यक्ष रूपमा जानकारी लिने अवसर प्रदान गरिएको थियो।

---

**तानसेनलाई...**

उनले तानसेनको ऐतिहासिक तथा सांस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटन विकासमार्फत् स्थानीय अर्थतन्त्रलाई समेत बलियो बनाउने लक्ष्य रहेको बताए।

तानसेनलाई मिध्यकालीन शहरको विश्वभर चिनाउन, संसारभरबाट पर्यटक भित्राउन र पर्यटकीय गतिविधिमार्फत् आर्थिक चलायमान बनाउन विश्व सम्पदा सूचीमा समावेश गराउने गरी काम सुरु गरिएको नगर प्रमुख श्रेष्ठले बताए। मध्यकालीन शहरको संरक्षण र विकासका लागि आवश्यक ऐन, नियम, कानुन तथा संस्थागत संरचना निर्माणलाई नगरपालिकाले प्राथमिकतामा राखेको उनले जनाए।

तानसेनको ऐतिहासिक पहिचानलाई व्यवस्थित रुपमा स्थापित गर्न सम्पदाको खोज तथा अनुसन्धान, अभिलेखीकरण, संरक्षण र व्यवस्थापनका साथै सम्बन्धित सरकारी निकाय, विज्ञ तथा अन्तर्राष्ट्रिय संस्थासँग समन्वय गरेर अघि बढ्ने नगर प्रमुख श्रेष्ठले बताए।

विश्व सम्पदा सूचीमा पुग्ने प्रक्रिया लामो र मापदण्डमा आधारित हुने भएकाले सम्भावित सूचीमा रहेको तानसेनलाई वास्तविक विश्व सम्पदा सूचीसम्म पुर्‍याउन स्थानीय तह, पुरातत्व विभाग, संस्कृति मन्त्रालय, युनेस्को, विज्ञ तथा स्थानीय समुदायबीच निरन्तर सहकार्य आवश्यक हुने देखिएको छ।

**स्थानीय...**

अध्यक्षले स्वविवेक र स्वेच्छाले यो विषय स्वीकार गरी सहजीकरण गर्नुपर्ने उनको प्रस्ताव छ।

महाधिवेशनले ओलीलाई चयन गरेपनि अब त्यो चयनपछिको भन्दा स्थिति झन् बिग्रेकोले नेतृत्व अघि बढ्न नसक्ने भट्टराईको जिकिर छ। त्यसैले अब सबैको सहमतिमा पार्टीको नेतृत्वका लागि अन्तरिम नेतृत्व खडा गर्नुपर्ने उनको प्रस्ताव छ। यस्तो अन्तरिम नेतृत्व हालको पदाधिकारीमा रहेको नेतृत्व समूह कि बाहिरबाट भन्नेमा उनले ठोस धारणा राखेका छैनन्। सबैको सहमतिमा जुनसुकै तरिकाबाट पनि नेतृत्वको नयाँ व्यवस्थापन गर्न सकिने उनको धारणा छ।

उनले राष्ट्रिय प्रतिनिधि परिषद् वा विधान महाधिवेशन बोलाएर ७० वर्षे उमेर हदबन्दी र पार्टीभित्रको लोकतान्त्रिक अभ्यासलाई स्थापित गर्ने गरी विधान, नीति, कार्यक्रम र राजनीतिक प्रतिवेदन संशोधन गर्ने प्रस्ताव गरेका छन्।

त्यसपछि स्थानीय चुनावको तयारीमा लाग्ने र लगत्तै महाधिवेशन गर्ने उनको प्रस्ताव छ।

उनले पार्टी पुनर्गठन सम्बन्धि विषयमा छुट्टै बुँदागत सुझावहरू दिएका छन्। आन्तरिक लोकतन्त्र बलियो बनाउने र युवा पुस्तालाई नेतृत्वमा ल्याउन वैधानिक व्यवस्था गर्ने, जनसंगठनहरूलाई स्वायत्त रूपमा चल्न दिने, पार्टीभित्र फरक मत, प्रश्न र आलोचनालाई सहज रूपमा लिने तथा सामूहिक निर्णय प्रणालीमा जाने व्यवस्था मिलाउनुपर्ने उनको प्रस्ताव छ।

पार्टीको युवाहरूसँग संवाद टुटेकाले विभिन्न् समूहसँग इन्गेज हुने अभियान ल्याउनुपर्ने उनको प्रस्ताव छ। जेनजी युवाहरूलाई पार्टीको प्लेटफर्ममा ल्याउने र उनीहरूलाई जिम्मेवारी दिनुपर्ने उपमहासचिव भट्टराईको प्रस्ताव छ।

उनले सरकारसँगको सम्बन्ध र पार्टीले लिनुपर्ने बाटोका बारेमा पनि अध्यक्ष ओलीलाई सुझाव दिएका छन्। उनले सरकारको सोसल अडिट गर्नुपर्ने धारणा राखेका थिए।

सरकारका राम्रा कामको समर्थन र कमी-कमजोरीको विरोध गर्ने नीति हुनुपर्ने उल्लेख छ। पार्टीका विषयगत विभागहरूले मन्त्रालयका काम, घोषणापत्र, नीति तथा कार्यक्रम र बजेटको अध्ययन गरी सरकारको नियमित 'सोसल अडिट' गर्ने र प्रतिवेदन सार्वजनिक गर्नुपर्ने र त्यसैका आधारमा सरकारसँगको सम्बन्ध र भावी रणनीति तय गर्ने पनि भट्टराईको प्रस्ताव छ।

**बैंकले ...**

बैंकका बुटवल शाखा प्रमुख सारुले कर्मचारीले नियतवश ऋणीको सम्पत्ति सस्तोमा लिलामी गरेको वा कुनै मिलेमतो भएको भन्ने आरोप सत्य नभएको दाबी गरे। लिलामी सूचना निकालेर ऋणीलाई पटक-पटक जानकारी गराउँदा पनि बेवास्ता गर्दा लिलाम हुन पुगेको सारुले बताए।

ऋणीको सम्पत्ति लिलामी गर्दा बैंकको हितसँगै ऋणीको सम्पत्तिको वास्तविक मूल्य र लिलाम प्रक्रियाको पारदर्शिता पनि उत्तिकै महत्वपूर्ण हुनुपर्ने सवाल उठेको छ।

पौडेल परिवारले आफू अन्यायमा परेको भन्दै सम्बन्धित निकायबाट लिलामी प्रक्रियाको निष्पक्ष छानबिन र सम्पत्तिको वास्तविक मूल्य तथा बैंकको बक्यौता रकमका आधारमा आवश्यक कानुनी उपचार खोजिरहेको जनाएको छ। अब सम्बन्धित नियामक तथा कानुनी निकायबाट लिलामी प्रक्रिया प्रचलित नियमअनुसार भएको थियो वा थिएन भन्ने विषयको परीक्षण हुनुपर्ने उनको माग छ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दर्ता नं. १६०९०५ मा दर्ता भएको 'पाल्पा कालिका होमियोप्याथिक पोलिक्लिनिक प्रा.लि.' को मिति २०८३/०५/१७ मा सम्पन्न विशेष साधारण सभा तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०५/.... को निर्णय अनुसार कम्पनीको सम्पूर्ण दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने गरि उक्त कम्पनीको नाम 'पाल्पा कालिका होमियोप्याथिक क्लिनिक प्रा.लि.'(Palpa Kalika Homeopathic Clinic Pvt. Ltd) कायम गरिएकोले सोही व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ।

## निक्षेप रकम उपर हकदाबी गर्न आउने ३५ दिने सूचना

मितिः २०८३/०६/०७

माहानन्द उपाध्यायको नाति, धनेश्वर पाध्याको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, मुसिकोट नगरपालिका वडा नं. ०६ बस्ने रेशमलाल पाध्याले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२५७५ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०४/१२ मा निज खातावाला रेशमलाल पाध्याको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने लेखलाल रिजालले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज रेशमलाल पाध्याको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड
फोन नम्बरः- ०७९–५२१०२९
फ्याक्सः- ०७९–५२११९४

## माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जसपुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

### नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन् र बिक्री कार्यको ठेक्का बन्दोबस्तीको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना।

( प्रथम पटक प्रकाशित मितिः२०८३/०६/०७ गते )

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयानुसार प्राकृतिक स्रोतको कर असुली सम्बन्धी कार्य आ.व.२०८३/८४ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समय भित्र हार्ड कपी (Hard Copy)मार्फत बोलपत्र पेश गर्नहुन सूचित गरिन्छ। अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, तथा कार्यालयको वेब साईट www.mandavimun.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

| सि.नं. | ठेक्का नं. | नदी/खोलको विवरण | वार्षिक उत्खनन् गर्न सकिने परिमाण (घन मिटर) | न्यूनतम ठेक्का अंक रु.मा (मु.अ.क र सेवा शुल्कबाहेक) | बोलपत्र जमानत रकम (धरौटी रकम) रु. | बोलपत्र दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | 01-MRM/NCB/Rev-2083/84 | झिमरुक नदि (नाका : रम्दीवेशी,देवास्थान बगर क र ख) | १०,३८८.७० | २९,३४,९२९.५९/- | कबोल अंकको ५ प्रतिशत | ३,००० | नाका ३ |
| २. | 02-MRM/SQ/Rev-2083/84 | माडी नदि (नाकाःजाबुने नाका) | ५५०८.०० | १५,५६,०६८.०० /- | कबोल अंकको ५ प्रतिशत | १,००० | नाका १ |
| ३. | 03-MRM/SQ/Rev-2083/84 | माडी नदि (नाकाःएक्लेपिपल र देविस्थान) | १३२७.३० | ३,७४,९७८.४/- | कबोल अंकको ५ प्रतिशत | १,००० | नाका २ |

- बोलपत्र/सिल कोटेशन फारमको लागि बोलपत्र/सिल कोटेशन दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेड जस्पुर शाखामा रहेको आरन्तरिक राजस्व खाता नं. २६६४९३२०४६०११७ मा जम्मा गरेको बैंक भौचर र आवश्यक सबै कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्नेछ।
- बोलपत्र/सिल कोटेशन फारमहरु नियमानुसार यस गाउँपालिकाले तयार गरेको बोलपत्र/सिल कोटेसन फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको प्रमाण-पत्र तथा आर्थिक वर्ष ०८१/८२ को कर चुक्ता प्रमाण , बोलपत्र/सिल कोटेशनको लागि योग्य रहेको र बोलपत्र/सिल कोटेशनदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनी स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्र तथा बोलपत्रको लागि मिति २०८३/०६/२८ गते तथा सिल कोटेशनको लागि मिति २०८३/०६/१४ गते सम्म बोलपत्र खरिद गरि सोही दिनको १२ः०० बजे भित्र पेश गर्नुपर्नेछ र पेश भएका बोलपत्रहरु सोही दिनको २ः०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ बोलपत्रदाता वा प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
- बोलपत्र/सिल कोटेसन फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि बोलपत्र/सिल कोटेसन जमानत रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेडको जस्पुर शाखामा रहेको धरौटी खाता नं. २६६४९३२०४६००८७ मा जम्मा गरेको सक्कल बैंक भौचर वा बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट बोलपत्रको हकमा १२० दिन / सिल कोटेशनको हकमा ७५ दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ। कबोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
- अन्य जानकारीको लागि माण्डवी गाउँपालिकाको वेब साईट www.mandavimun.gov.np मा हेर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# जेनजी युवाहरू बने कांग्रेस क्षेत्रीय प्रतिनिधि





बुटवल । नेपाली कांग्रेसको १५औँ महाधिवेशन अन्तर्गत सम्पन्न वडा अधिवेशनबाट बुटवल क्षेत्रबाट सानै उमेरका युवाहरू क्षेत्रीय प्रतिनिधिका रूपमा चयन भएका छन् । १८ वर्षीय प्रशिस आचार्यदेखि २० वर्षीय आयुष्मान पुरीसम्मका युवा कांग्रेसको महाधिवेशन प्रक्रियामा क्षेत्रीय प्रतिनिधिका रूपमा जोडिएका हुन् ।

बुटवल उप-महानगरपालिका-१२ का १८ वर्षीय प्रशिस आचार्य क्षेत्रीय प्रतिनिधिमा चयन भएका छन्। न्यू होराइजन बोर्डिङ स्कुलमा कक्षा १२ मा अध्ययनरत आचार्य बुटवल उप-महानगरपालिकाका १९ वडामध्ये सबैभन्दा कम उमेरका क्षेत्रीय प्रतिनिधि रहेको अधिवक्ता डा. ओमप्रकाश अर्यालले जानकारी दिएका छन् ।

असोज ४ गते सम्पन्न वडा अधिवेशनबाट आचार्य क्षेत्रीय प्रतिनिधिका रूपमा चयन भएका हुन् । विद्यालय तहमा अध्ययनरत रहँदै पार्टीको महाधिवेशन प्रक्रियामा प्रतिनिधिको जिम्मेवारीमा पुगेका आचार्यको चयनले बुटवलमा युवा सहभागिताको विषयलाई चर्चामा ल्याएको छ ।

नेपाली कांग्रेसले १५औँ महाधिवेशनको प्रक्रियामा ३५ वर्षमुनिका युवालाई प्रतिनिधित्वको अवसर दिने व्यवस्थालाई प्राथमिकता दिएको छ । त्यसक्रममा बुटवलका विभिन्न वडाबाट पनि ३५ वर्षमुनिका युवाहरू क्षेत्रीय प्रतिनिधिका रूपमा चयन भएका छन् ।

उमेरका हिसाबले हेर्दा १८ वर्षीय प्रशिस आचार्य बुटवलका सबैभन्दा कान्छा क्षेत्रीय प्रतिनिधि बनेका छन् । सानै उमेरमा पार्टीको महाधिवेशन प्रक्रियामा प्रतिनिधिका रूपमा सहभागी हुने अवसर पाएका आचार्य र पुरीजस्ता युवाको उपस्थितिले कांग्रेसको स्थानीय संगठनमा नयाँ पुस्ताको सहभागितालाई देखाएको छ ।

युवा पुस्ताको राजनीतिक सहभागिता र नेतृत्व विकासबारे बहस भइरहेका बेला बुटवलमा १८ र २० वर्षका युवाहरू क्षेत्रीय प्रतिनिधिका रूपमा चयन हुनु उल्लेखनीय बनेको छ । कम उमेरमै पार्टीको संगठनात्मक जिम्मेवारीमा पुगेका यी युवाको आगामी राजनीतिक सक्रियतालाई स्थानीय राजनीतिक वृत्तमा चासोका साथ हेरिएको छ ।

त्यस्तै, बुटवल उप-महानगरपालिका-७ का २० वर्षीय आयुष्मान पुरी नेपाली कांग्रेस रूपन्देही क्षेत्र नं. २ को क्षेत्रीय प्रतिनिधिमा निर्विरोध निर्वाचित भएका छन् । त्रिचन्द्र क्याम्पसमा नेपाल विद्यार्थी संघमार्फत विद्यार्थी राजनीतिमा सक्रिय पुरी सामाजिक अभियन्ताका रूपमा समेत सक्रिय छन् ।

## विद्यालयमा ट्राफिक सचेतनाः
# दुर्घटना न्यूनीकरणमा विद्यार्थीलाई सचेत गराउँदै प्रहरी




**अनिल नेपाली**
*अर्घाखाँची*

अर्घाखाँचीमा सडक दुर्घटना न्यूनीकरणका लागि विद्यालयस्तरबाटै ट्राफिक सचेतना अभियान सञ्चालन गरिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय, अर्घाखाँचीको समन्वयमा जिल्लाका विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यार्थीलाई लक्षित गरी ट्राफिक सचेतनामूलक प्रशिक्षण कार्यक्रम सञ्चालन भइरहेका छन् ।

विद्यार्थीलाई ट्राफिक नियम, सडक सुरक्षा तथा सुरक्षित सडक प्रयोगका विषयमा जानकारी गराउने उद्देश्यले जिल्लाका विभिन्न विद्यालयमा पुगेर सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय, अर्घाखाँचीका प्रमुख वरिष्ठ प्रहरी नायब निरीक्षक लीलबहादुर कुँवरले बताए ।

उनका अनुसार सोमबार सन्धिखर्क नगरपालिका-२ स्थित भगवती माध्यमिक विद्यालयमा ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो । ट्राफिक नियमको पालना नगर्दा विभिन्न किसिमका सडक दुर्घटना हुने भएकाले दुर्घटना न्यूनीकरणका लागि विद्यालयस्तरबाटै विद्यार्थीलाई सचेत गराउन अभियान सञ्चालन गरिएको उनले बताए ।

कार्यक्रममा कक्षा ८ देखि १० सम्म अध्ययनरत विद्यार्थीलाई ट्राफिक नियम तथा सडक सुरक्षासम्बन्धी जानकारी दिइएको थियो । विद्यार्थीलाई सडक प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी, सडक चिह्नको पहिचान तथा प्रयोग, सवारीसाधन प्रयोग गर्दा ध्यान दिनुपर्ने विषयलगायतका बारेमा जानकारी गराइएको कुँवरले बताए ।

यस्तै, यातायात व्यवस्था ऐन, २०४९ का प्रमुख प्रावधान तथा सडक प्रयोग गर्दा अपनाउनुपर्ने सुरक्षा सावधानीका विषयमा समेत विद्यार्थीलाई जानकारी दिइएको थियो ।

यसअघि मुख्यतः सवारी चालकलाई ट्राफिक नियम पालनाका विषयमा सचेत गराउँदै आएको जिल्ला ट्राफिक प्रहरीले अब जिल्लाका सबै विद्यालयमा पुगेर विद्यालयस्तरीय ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको कुँवरले बताए ।

जिल्ला ट्राफिक प्रहरीले विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै सवारी चालक तथा सर्वसाधारणलाई लक्षित अन्य नियमित ट्राफिक सचेतना कार्यक्रमलाई समेत निरन्तरता दिँदै आएको जनाएको छ ।

# नेपाली कांग्रेस सिद्धार्थनगर नगर सभापतिमा उम्मेदवारी घोषणा

भैरहवा । नेपाली कांग्रेसको आगामी नगर अधिवेशनअन्तर्गत सिद्धार्थनगर नगरसमितिको सभापति पदका लागि सञ्जीव शर्मा रेग्मी र देवराज न्यौपानेले प्यानलसहित आफ्नो उम्मेदवारी घोषणा गरेका छन् । कुल ३ सय २४ मतदाता रहेको नगरसमितिमा दुई प्यानल चुनावी मैदानमा उत्रिने भएका छन् ।

पूर्व केन्द्रीय मन्त्री एवं कांग्रेस नेता भरतकुमार शाह तथा संविधानसभा सदस्य इस्तियाक अहमद खानको उपस्थितिमा आयोजित कार्यक्रममार्फत् सञ्जीव शर्मा रेग्मीले आफ्नो प्यानल सार्वजनिक गरेका हुन् । कांग्रेस नेतृ अनिता शाह ढुंगाना, नेताहरू सुशील गुरुङ, दीपक क्षेत्री न्यौपानेलगायतको सहभागिता रहेको उक्त कार्यक्रममा रेग्मीले 'व्यक्ति होइन, विचार रोजौँ : गुट होइन, संगठन रोजौँ' भन्ने नाराका साथ उम्मेदवारी घोषणा गरे । विद्यार्थी राजनीतिबाट यात्रा सुरु गरी वडा सचिव, नगर कोषाध्यक्ष र नगर सचिवको जिम्मेवारी सम्हालिसकेका रेग्मीको प्यानलबाट उपसभापतिमा अनिल केसी र लक्ष्मी अर्याल, सचिवमा पंकज उदास तथा सहसचिवमा राममिलन यादव मैदानमा छन् । आफूले पद प्राप्तिभन्दा कार्यकर्ताको विश्वास जित्ने, अग्रजको सम्मान र युवाको ऊर्जालाई जोड्दै ३६५ दिन नै जनता र कार्यकर्ताको सुख-दुःखमा साथ दिने जीवन्त सङ्गठन निर्माण गर्ने प्रतिबद्धता रेग्मीले व्यक्त गरेका छन् ।

त्यस्तै, अर्कोतर्फ देवराज न्यौपानेले पनि एक विशेष कार्यक्रमका बीच सिद्धार्थनगर नगरसमितिको सभापति पदमा आफ्नो उम्मेदवारी सार्वजनिक गरेका छन् । न्यौपानेको प्यानलबाट उपसभापति खुलातर्फ गौरव श्रेष्ठ, उपसभापति महिलातर्फ निलु श्रेष्ठ, सचिव पदमा समीर शर्मा र सहसचिवमा थानीको उम्मेदवारी घोषणा गरिएको छ । कार्यक्रममा उपस्थित नेता तथा कार्यकर्ताहरूलाई अग्रपङ्क्तिमा आसन ग्रहण गराउँदै आपसमा जितको शुभकामना आदानप्रदान गरिएको थियो भने वक्ताहरूले न्यौपाने नेतृत्वको सम्पूर्ण प्यानललाई विजयको अग्रिम शुभकामना व्यक्त गर्दै ऐक्यबद्धता जनाएका थिए ।

आगामी बुधबार हुने नगर अधिवेशनमा यी दुई प्यानलबिच पदीय प्रतिस्पर्धा हुने भएको छ ।

# अमरौट-धरमपुर खानेपानी आयोजना निर्माण गर्न सम्झौता



**गौरीशंकर जयसवाल**
*परासी*

रामग्राम नगरपालिकाले नगरबासीलाई शुद्ध खानेपानी उपलब्ध गराउने लक्ष्य सहित खानेपानी आयोजना निमार्ण हुने भएको छ। रामग्राम नगरपालिकाका वडा नं. १४ र १८ का बासिन्दालाई स्वच्छ तथा सहज खानेपानी उपलब्ध गराउने उद्देश्यले अमरौट-धरमपुर खानेपानी आयोजना निर्माण हुने भएको हो ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय, बुटवल र रामग्राम नगरपालिका तथा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति रामग्राम-१४ बीच आयोजना निर्माण तथा व्यवस्थापनसम्बन्धी सम्झौता भएको हो ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय, बुटवल कार्यालय प्रमुख ईन्जिनियर अतुलेशकुमार कर्ण तथा रामग्राम नगरपालिका नगरप्रमुख धनपत बिच अमरौट-धरमपुर खानेपानी आयोजना हस्ताक्षर गरिएको नगरपालिका वरिष्ठ प्रशासकीय अधिकृत खेमराज ढकालले जानकारी दिए ।

आयोजनाको आधार वर्षको घरधुरी संख्या ३ हजार ६ सय ६१ रहेको छ भने डिजाइन वर्षमा करिब १८ हजार ७ सय ९८ जनसंख्या लाभान्वित हुने अनुमान गरिएको छ। आयोजना रामग्राम नगरपालिकाका वडा नं. १४ र १८ मा सञ्चालन हुनेछ । आयोजनाको निर्माण कार्य आर्थिक वर्ष २०८३/८४ मा सुरु भई आर्थिक वर्ष २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। आयोजनाको डिजाइन अवधि २० वर्ष तोकिएको छ ।

आयोजनाको कुल अनुमानित लागत रु. १८ करोड ३६ लाख ९४ हजार २ सय ९ रुपैयाँ ९ पैसा रहेको छ। कुल लागतको ३.२१ प्रतिशत स्थानीय तह/उपभोक्ता संस्थाको सहभागिता रहनेछ भने ९६.७९ प्रतिशत रकम नेपाल सरकारले व्यहोर्ने उल्लेख छ। ८२ किलो मिटर पाइलाइन बिस्तार हुने सम्झौतामा उल्लेख्य गरिएको छ।

आयोजना सम्पन्न भएपछि रामग्राम-१४ र १८ का स्थानीय बासिन्दाले नियमित र व्यवस्थित खानेपानी सेवा प्राप्त गर्ने अपेक्षा गरिएको नगरप्रमुख यादवले बताए । आयोजना सञ्चालन, व्यवस्थापन तथा उपभोक्तालाई सेवा प्रदान गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता संस्थाले बहन गर्ने जनाइएको छ । आयोजनाको निर्माणका क्रममा गुणस्तर, पारदर्शिता र समयमै काम सम्पन्न गर्ने विषयमा सम्बन्धित निकाय तथा उपभोक्ता समितिले विशेष ध्यान दिनुपर्नेमा जोड दिइएको छ ।

# किरियापुत्री बसेकै कोठामा गोमन सर्प पसेपछि ......



बुटवल । नवलपरासी पश्चिमको बर्दघाट नगरपालिका-१० स्थित एक घरमा किरियापुत्री बसेकै कोठामा गोमन सर्प पसेपछि केही समय परिवारमा त्रास फैलिएको छ । घरभित्र पसेको गोमन सर्पलाई तत्काल उद्धार गरिएको छ ।

स्थानीय शेषकान्त पौडेलका बुवाको निधन भएपछि उनका छोराहरू परम्पराअनुसार किरियामा बसेका थिए । किरियापुत्रीहरू बसेको कोठामा अचानक ठुलो गोमन सर्प देखिएपछि उनीहरू आत्तिएका थिए । कोठाभित्र सर्प देखिएपछि परिवारका सदस्यहरूले त्यसलाई आफैँ समात्ने वा भगाउने प्रयास नगरी तत्काल बर्दघाट नगरपालिकामा कार्यरत सर्प उद्धारकर्मी दुर्गा लामिछानेलाई खबर गरेका थिए । सूचना पाएलगत्तै घटनास्थल पुगेका लामिछानेले आवश्यक सावधानी अपनाएर कोठाभित्र रहेको गोमन सर्पलाई नियन्त्रणमा लिएका थिए। त्यसपछि उनले सर्पलाई घरबाट बाहिर निकालेर सुरक्षित स्थानमा छाडेका थिए ।

'किरियापुत्री बसेकै कोठामा ठुलो गोमन सर्प पसेको सूचना आएपछि घटनास्थलमा पुगेर सुरक्षित रूपमा उद्धार गरी बाहिर लगेर छाडियो ।'- लामिछानेले भने ।

लामिछाने बर्दघाट नगरपालिकामा दमकल चालक रूपमा कार्यरत छन् । उनले पछिल्ला वर्षहरूदेखि नवलपरासी क्षेत्रमा घर तथा बस्तीमा पस्ने सर्पको नियमित उद्धार गर्दै आएका छन् । उनका अनुसार गर्मी मौसममा नवलपरासी क्षेत्रमा विषालु सर्पको गतिविधि बढ्ने गर्छ ।

घरभित्र सर्प देखिएमा डराएर त्यसलाई मार्न वा आफैँ समात्न खोज्नुको सट्टा तत्काल सर्प उद्धारकर्मीलाई खबर गर्न उनले स्थानीयवासीलाई आग्रह गरेका छन् ।

सर्प उद्धारका क्रममा लामिछानेले स्थानीयवासीलाई विषालु सर्पबाट बच्ने उपायबारे समेत सचेत गराउँदै आएका छन् । सर्पको उद्धारमार्फत सम्भावित जोखिम न्यूनीकरणमा योगदान पुर्‍याउँदै आएका उनको कामलाई बर्दघाट नगरपालिकाले समेत प्रोत्साहन गर्दै आएको छ ।

# कम्युनिस्ट घटकसँग एकता गर्न वार्ता समिति




बुटवल । नेपाली कम्युनिस्ट पार्टीले कम्युनिस्ट घटकहरुसँग पार्टी एकताको पहल गर्न वार्ता समिति गठन गरेको छ। केन्द्रीय कार्य संयोजन समितिको बैठकले तीन सदस्यीय वार्ता समिति गठन गरेको हो । समितिमा देव गुरुङ, प्रकाश ज्वाला र गंगानारायण श्रेष्ठ छन् ।

सो समितिलाई विचार मिल्ने देशभक्त गणतन्त्रवादी दल वा समूहसँग एकताका लागि पहल गर्ने जिम्मेवारी तोकिएको छ। नेपाली कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाश ज्वालाले भने- 'एउटै कम्युनिस्ट पार्टी निर्माणको पहल गर्न सबै पक्षसँग वार्ता हुनेछ।' पार्टीको केन्द्रीय कार्य संयोजन समितिको बैठकले तय गरेको आठ बुँदे एजेण्डामा 'पार्टीमा समाहित गर्ने' विषय पनि छ।

**खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं**

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं ।
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/वितरण भएको पाइएमा सम्बन्धित निकाय जानकारी गराऔं ।



नेपाल सरकार विज्ञापन बोर्ड

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/
अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com